नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

अनुरोध

२०७५ भाद्र २१ गते बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठकले तपसिल अनुसारका भूकम्प पीडितहरुले बुझेको निजी आवास पुनर्निर्माण अनुदान रकम फिर्ता गराउने निर्णय गरेकाले **यस्ता भूकम्प पीडितहरुलाई बुझेको अनुदान रकम २०७५ पौष १५ गते भित्र सम्बन्धित कार्यालयमा फिर्ता गर्नुहुन अनुरोध गरिन्छ।**

- भूकम्पबाट क्षतीग्रस्त भएको घर बाहेक सोही स्थान वा नेपालभर अन्य कुनै स्थानमा बस्न योग्य घर भएका व्यक्तिहरुले झुठा विवरण पेश गरी निजी आवास पुनर्निर्माण अनुदान लिएको भएमा **२०७५ पौष १५ गते भित्रमा** आफुले लिएको अनुदान रकम फिर्ता गर्नुहुन अनुरोध छ।

.....

- कुनै भूकम्प पीडीतले एकभन्दा बढी ठाउँबाट निजी आवास पुनर्निर्माण अनुदान लिएको भएमा एक ठाउँबाट बुझेको बाहेक अन्य सबै ठाउँबाट बुझेको अनुदान रकम **२०७५ पौष १५ गते भित्रमा** फिर्ता गर्नुहुन सबैमा अनुरोध छ।

.....

अन्यथा सो रकम सरकारी बाँकी सरह असुलउपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

अनुदान रकम फिर्ता गर्नका लागि सम्बन्धित जिल्लास्थित जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

प्राधिकरणको पैसा नलाग्ने टेलिफोन नं:
१६६०-०१-७२००० (एनटीसी)
९८०१५७२१११ (एनसेल)

Scanned by CamScanner

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन इकाई

फोन नं.: ०१-४२६२७९२
०१-४२१६७२२
फ्याक्स नं.: ०१-४२६२७९२
इमेलः nraktm@gmail.com

जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

बबरमहल, काठमाडौं

प.सं.:- ०७५/०७६
च.नं.:- ९८२१

मिति:- २०७५/०८/११

श्री काठमाडौं महानगरपालिका लगायत जिल्लाका १० वटै नगरपालिकाहरु,
काठमाडौं ।

विषय:- निजी आवास पुनर्निर्माण अनुदान रकम फिर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको मिति २०७५/०५/२१ मा बसेको बैठकको निर्णयानुसार तहाँ स्थानीय तहमा झुट्टा विवरण पेश गरी निजि आवास पुनर्निर्माण अनुदानको रकम बुझेका व्यक्तिहरुले सो बुझेको अनुदानको रकम मिति २०७५/०९/१५ गते भित्र यस कार्यालयमा फिर्ता गर्नु हुन अनुरोध छ । साथै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अनुरोध पत्र यसै पत्र साथ संलग्न छ ।

(समर बहादुर खनाल)
आयोजना व्यवस्थापक

D:\आ.व.०७४५-०७६ GMALI\प्रशासन शाखा\चिठी.docx

Scanned by CamScanner